# रुपा गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति,

# कार्यक्रम तथा

# बजेट बक्तब्य

रुपा गाँउपालिका

## रुपा गाँउपालिका

## गाँउसभा द्धारा प्रारित मिति २०७५ असार ८ गते ।

## रुपा गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६को नीति, कार्यक्रम तथाबजेट बक्तब्य

१. नेपालको संविधान २०७२ अनुसार घर गाँउको सकारको रुपमा स्थापित रुपा गाँउपालिकाको दोस्रो बर्षको नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गर्न पाउदाँ निकै उत्साहित महशुस गरेको छु ।

२ नेपालको संघीय लोकतान्तिक गणतन्त्र स्थापना गर्ने भएका विभिन्न आन्दोलन तथा संघर्षहरुमा आफ्नो ज्यानको आहुति गर्नुहुने सम्पूर्ण ज्ञान अज्ञात सहिदहरु प्रति यस अवसरमा हार्दिक सम्मान प्रकट गर्न चहान्छु । तिनै संघर्षको उपजको रुपमा आज देशमा स्थानीय सरकारको रुपमा हामीले यहाँहरुको मर्म र भावनालाई यथार्थमा परिवर्तन गर्ने अवसर प्राप्त गरेको पनि पुन स्मरण गर्न चाहान्छु ।

३. स्थानीय तहलाई नेपालको संविधानले दिएको अधिकारलाई हामीले एक अवसरको रुपमा लिएका छौ । स्थानीय विकास र नागरिकका सरोकार अब हाम्रो काधँले आफै उठाउन पाउदाँ हामी गर्व महशुस गर्दै विकास प्रति यहाँहरुको उत्कट अभिलाशा पुरा गर्न हामी लागेका छौ ।

४. रुपा गाँउपालिका प्रदेश नं. ४ को केन्द्र जिल्ला कास्की भित्रको सानो,सुन्दर तथा विकासको दृष्टिले सम्भावनाको उजागर नभएको एक विशिष्ट विशेषता भएको गाँउपालिका भएको यहाँहरुलाई वित्तितै छ ।

५. नेपालको संविधानले स्थानीय सरकारको रुपमा हामीलाई दिएको एकल अधिकार सूचि, प्रदेश र केन्द्र सरकारको समन्वयमा कार्यन्वयन हुने साझा अधिकार सुचिले निर्दिष्ट काम कर्तब्य र अधिकारको पूर्ण परिपालन गर्दे , नेपाल सरकारले अन्तराष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाएको दिगो विकासका लक्ष्यहरु प्रति ध्यान दिदै, संघीय सरकार,प्रदेश सरकारका नीति तथा कार्यक्रम प्रति चासो राख्दै हामीले हाम्रै स्थानीय नागरिकको आम सरोकार प्रति चिन्तन गर्दै संघीय संसद सदस्य, प्रदेश सभा सदस्य ज्यूहरु,रुपा गाँउपालिकाका राजनीति पार्टि प्रतिनीधि, बुद्धिजीवि,ब्यवसायी,,विज्ञहरु र आम नागरिकले दिएको सुझावलाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम तर्जुमा गरेका छौ ।

**माननिय ज्यूहरु, गाँउ सभा सदस्य ज्यूहरु उपस्थित सम्पूर्ण मानुभावहरु ।**

६. अब म गत बषर्को संक्षिप्त समिक्षा गर्न चहान्छु ।

रुपा गाँउपालिका

७. विगतमा विकासमा गरिएको लगानी बालुवामा पानी खन्याए सरी प्रतिफलहिन भैरहेको अवस्थामा हामीले उक्त कुराको (कोर्ष करेक्सन ) गर्न सकेका छौ । हामीले एक बर्षमा विकास निर्माणमा गरेको लगानी महशुस हुने गरि देखिन थालेको यहाँहरुलाई अवगतै छ ।

८. विगतमा गा.वि.स हुँदा गाँउपालिकाभरिको समग्र आन्तरिक आम्दानी अत्यन्तै नगन्य रहेकोमा हामी निर्वाचित भएर आए पछि ३ सय प्रतिशतले बृद्धि गर्न सकिएको छ र आगामी बर्ष यसलाई समेत दोब्बर बनाउने लक्ष्य  राखिएको छ ।

९. गुणस्तरीय सेवा प्रवाह र सुशासन प्रति हामीले निश्चत विधिको विकास गरेका छौ । भष्ट्रचार र ढिलासुस्ती प्रतिको शुन्य सहनशिलताको नीति अबलम्बन गरिएको छ । सबै वडा कार्यालयबाट सेवा प्रवाहको ब्यवस्था मिलाइएको छ । स्वास्थ्य, शिक्षाको गुणस्तर अभिवृद्धि गर्न उल्लेख्य कामको सुरुवात गरिएको छ ।

**रुपाको संवृद्धिको आधार र मार्गचित्र**

१०. रुपाको संवृद्धिको आधार बर्षको रुपमा यस बर्ष उत्पादनमूलक र लगानी मैत्री वातावरण सिर्जना गर्न प्रयाप्त ध्यान दिदै आवश्यक नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

१२. जनताको आयस्रोत बृद्धि,  खाध्य सुरक्षा,स्वास्च्छ खानेपानी, स्वास्स्थ, शिक्षा, पुर्वाधार विकास र सुशासनलाई मुख्य आधार मानी संञ्चितकोषबाट आवश्यक बजेट विनियोजन गरिएको छ  ।

**आर्थिक विकास**

१३. यस बर्ष रुपाली नागरिक रुपा छाडेर अयन्त्र कामको खोजिमा भौतारिन नपारोस् भन्ने मुल मान्यतालाई आत्मसाथ गर्दै प्रर्याप्त रोजगारी सिर्जनाका कार्यक्रम अगाडि सारीएको छ ।

क. रुपा गाँउपालिका भित्रका सिपयुक्त वा सिप सिक्न चहाने तर स्रोत साधन नभएका युवा तथा बेरोजगार लक्षित गरि आवश्यक पेशा र ब्यवसाय गर्न चहानेको लागि रुपा गाँउपालिका संरक्षक रहने गरि सहकारीको ढाँचामा न्यून ब्यजदरमा रिण उपलब्ध गराउने ब्यवस्थापन गरेको छु । जसको लागि सिड मनिको रुपमा ५० लाख विनियोजन गरिएको छ । यसमा स्थानीय तथा अयन्त्र रहि विभिन्न पेशा ब्यवसाय गर्ने सबैको लगानीलाई आर्कषित गरि परिचालन गर्ने नीति समेत अख्तियार गरेको छु ।

रुपा गाँउपालिका

ख. रुपा गाँउपालिका भित्र रहेका कृषि योग्य तर अनुत्पादक रुपमा रहेको बाँझो जग्गाको सहि सदुपयोग गर्न गाँउपालिकाले भुमि बैंकको अवधारणलाई अवलम्बन गर्ने नीति लिएको छ। जसमा साना जग्गाहरुलाई चक्लाबन्दी गरिने ब्यवस्था मिलाएको छ । जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक करको दरमा संसोधन गरि दोब्बर गरिएको छ भने त्यस्ता बाँझो जग्गा गाँउपालिकालाई निश्चत अवधीको लागि निश्चित दरमा भूमि बैंकमा राख्न सकिने छ । यसरी राखीएका जग्गामा लगानीमैत्री बातावरण बनाई उद्योगी तथा ब्यवसायीहरुलाई आर्कर्षित गरिने नीति लिइएको छ। जसको लागि सिड मनिको रुपमा हाल रु २५०००००। अक्षयरुपी पच्चिस लाख  विनियोजन गरिएको छ।

ग. एक गाँउ एक उत्पादन कार्यक्रमको आधार बर्षको रुपमा यस बर्ष विभिन्न स्थानलाई विभिन्न बालि तथा उपजको पकेट क्षेत्र घोषण गरि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको ब्यवस्थापन गरिएको छ।

घ. रुपा गाँउपालिका भित्र रहेका महत्वपूर्ण पर्यटकिय क्षेत्रका पूर्वाधार विकासको लागि बजेट विनियोजन गरिएको छ ।भने पर्यटनलाई स्थानीयको आय आर्जको माध्यम बनाउने उदेश्यले विभिन्न स्थान(चिसापानी,मरज्याङकोट,खडागाँउ,कुमालगाँउ,तालबेशी, भंगराजमलकुना,डिठ्ठा गाँउ,मोहरीय, माझकोट,हंसपुर,हटिया आदि) गाँउहरुलाई होमस्टे गाँउ विकास गर्ने कार्यक्रम राखिएको छ । साथै यसको लागि प्रदेश सरकार सँग पनि प्रयाप्त समन्वयको काम गरिएको छ।

च. दुग्ध उत्पादन, मासुजन्य उत्पादनमा आत्मनिर्भर गाँउपालिका बनाउने उदेश्यले निश्चित परिणाम भन्दा बढि मात्रामा यस्तो उत्पादन गर्ने कृषकलाई लागत सहभागितामा आधारित प्रोत्साहन गर्ने नीति लिइएको छ।

छ. गाँउपालिका भित्र उद्योग ग्राम स्थापना गर्ने प्रदेश र केन्द्र सँग समन्वय गरिने छ । त्यसको आधारभूत संरचना तयार गर्न आवश्यक बजेट समेत विनियोजन गरिएको छ । लगानी गर्न चाहाने ब्यवसायीहरुलाई आवश्यक जग्गाको ब्यवस्थापन भूमि बैंक मार्फत गाँउपालिकाले गर्ने ब्यवस्था मिलाएको छ। साना तथा घरेलु उद्योगहरुलाई विशेष प्रोत्साहन गर्ने नीति लिएको छु।

**सामाजिक विकास**

१४. एक घर एक धारा निर्माण गर्न यस बर्षलाई '**खानेपानीको बर्ष**'को रुपमा मनाइने छ । एक घर एक धारा निर्माणको लागि ठुला योजना सञ्चालन गर्न प्रदेश र केन्द्र सँगको समन्वयमा कार्यक्रम

सञ्चालन गरिने छ । दिर्घकालिन रुपमा रुपाको खानेपानी समस्या समाधान गर्ने बृहत खानेपानी योजना निर्माणको लागि आवश्यक सम्भाब्यता अध्ययन सहित विस्तृत परियोजना प्रतिवेदन निर्माणको काम गरिने छ । साना तर दिर्घकालिन स्रोत भएका योजनाको लागि गाँउपालिकाबाट प्रयाप्त बजेट विनियोजनको प्रवन्ध मिलाएको छु ।

१५. स्वास्स्थ नागरिक नै रुपाको विकासका आधार हुन् । नागरिकको स्वास्स्थको हकलाई सुनिश्चित गर्ने रुपा भित्रका सरकारी स्वास्स्थ चौकीले प्रदान गर्ने सेवाको गुणस्तर सुधार गर्ने आवश्यक बजेट विनियोजन गरिएको छ । सबै स्वास्स्थचौकीमा प्रयोगशाला निर्माण गरिएको छ भने सञ्चालनको लागि आवश्यक कर्मचारी र अन्य सामाग्री समेतको ब्यवस्थापन गरिएको छ । प्रयोगशाला स्थापना सँगै रुपामा देखिने प्रमुख रोगको उपचारको लागि बजार जानुपर्ने बाध्यता अन्त्य गर्ने निश्चित औषधीको समेत फार्मेसी मार्फत यहि उपलब्ध गराउने ब्यवस्था मिलाइएको छ ।

१६. गर्भवती र सुत्केरी आमाहरुको स्वास्स्थ सुधार र बाल मृत्यूदरलाई न्यूनिकरण गर्ने हाम्रै स्वास्स्थ संस्थाबाट निशुल्क क्याल्सियमको चक्की समेत वितरण हुने ब्यवस्था मिलाइएको छ । गत बर्षबाट सुरु गरिएको स्वास्स्थ चौकीमा सुत्केरी गराउने आमालाईलाई रु १००० प्रोत्साहन खर्च दिने कार्यक्रमलाई पनि निरन्तरता दिएको छु । हरेक नागरिकलाई स्वास्स्थ विमामा अभिप्ररित समेत गरिने छ । सबै बालवालिकालाई खोपको पँहुच सुनिश्चित गरिने छ ।

१७. रुपा गाँउपालिकालाई शैक्षिक हवका रुपमा विकास गर्ने नीति लिइएको छ । जसको लागि यसै बर्ष तीन ओटा मा.विमा प्राविधिक शिक्षालय स्थापना गरिनेछ । भने विद्यालयको क्षमता र आवश्यकताको आधारमा अन्य विद्यालयमा पनि क्रमश विस्तार गरिने छ ।  विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि अंग्रेजी माध्यममा पठनपाठन, शैक्षिक क्यालेण्डर निर्माण, शिक्षक डायरी निर्माणका कामलाई निरन्तरता दिएको छु । सबै विद्यालय उमेरका बालवालिकालाई विद्यालयको घेराभित्र ल्याउने मात्र नभई नियमितता गर्ने समेतमा ध्यान दिइने छ । शिक्षण सिकाई क्रियाकलापलाई अव शिक्षकहरुको सरुवा वा प्रोत्साहनमा समेत प्रभाव राख्ने गरि मापन योग्य सुचकांङ्क बनाई लागु गरिने छ ।

१८. प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रोत्साहित गर्न कम्तिमा ‘एक विद्यालय एक प्रोजेक्टर’को ब्यवस्थापन गरेको छु । विद्यालयमा डेडिकेटेड इन्टरनेट जोड्ने विषयलाई उच्च प्राथमिकता दिएको छ । साथै शिक्षकहरुलाई पठन पाठनमा प्रोत्साहित गर्न नीजि स्रोतका शिक्षक, सहयोगी कर्मचारीको लागि समेत पोशाक र तालिमको ब्यवस्थापन गरेको छु ।

रुपा गाउँपालिका

१९. हरेक वडामा एक खेदकूद मैदान निर्माणको लागि आवश्यक बजेटको विनियोजन गरिएको छ । गाँउपालिका स्तरीय रंगशाला केन्द्र र प्रदेशको समन्वयमा निर्माण गर्ने ब्यवस्था मिलाएको छु । यसै बर्षबाट खेलकूदका गतिविधि लाई उत्प्रेरित गर्ने उदेश्य सहित 'अध्यक्ष कप'को आयोजना गर्ने निर्णय गरिएको छ ।

२०. दलित समुदायको परम्परागत पेशालाई संरक्षण र आय आर्जनमा उक्त पेशाको प्रयोगका निमित्त आवश्यक कार्यक्रम राखेको छु । साथै दलित, अल्पसंख्यक वर्ग कुमाल, बोटे जलारी, मुश्लिम, अपांग,सहिद परिवारको आय आर्जन अभिवृद्धि गर्ने उदेश्यले लागतसहभागितामा आधारित ब्यवसायीकरण अनुदानको ब्यवस्था मिलाएको छु ।

२१. लैगिक सशक्तिकरण गर्ने उदेश्यले महिला लक्षित झोला बुन्ने, बुटिक भर्ने, बच्चाका खेलौना निर्माण गर्ने, कानूनी सचेतना लगाएतका तालिमको ब्यवस्था गरिएको छ । बालमैत्री शासन प्रवर्द्धनको लागि गैरसरकारी संस्थाको समन्वयमा कार्यक्रम गर्ने ब्यवस्था मिलाएको छु ।

२२. विभिन्न प्रकृतिका अपांगहरुको आय आर्जन लक्षित गरि गैरसरकारी संस्थाको समन्वयमा विभिन्न कार्यक्रम सञ्चालन हुने प्रवन्ध गरेको छु ।

**पूर्वाधार विकास**

२३ रुपा गाँउपालिकाका रणनीतिक महत्वका मुख्य सडकहरु शिशुवा पोल्याङटार,रुपाकोट थुम्की र वेगनास भोर्लटार, रुपा रिङरोड, हाङगे वाङगे , शिवचण्डी मोटरबाटो केन्द्र र प्रदेशको योजनामा समावेश गरि यसै बर्षबाट स्तरउन्नती तथा पिचको काम अगाडि बढाइने छ ।

२४ रुपा गाँउपालिकाको केन्द्र फालभञ्जाङ जोड्ने रामकोट रामादी मोटरबाटो स्तरउन्नती गरि पिच गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु । यसै बाटोका लागि क्षेत्र विकास कोषको समेत प्रयाप्त रकम विनियोजनको लागि प्रतिनीधि सभा सदस्य सँग समन्वय गरेको छु ।

२५. यस बर्ष सकभर नयाँ ट्राक नखोल्ने र भएकालाई स्तरउन्नती गर्ने नीति लिएको छ । जसको लागि गाँउपालिकालाई नै स्रोत सम्पन्न बनाई उक्त स्रोत परिचालन गर्ने योजना बनाइएको छ ।

२६. सिँचाई तर्फ गाँउपालिकाका मुख्य टारहरुको सिँचाइको प्रवन्ध गर्न सोलार सिचाई प्रविधि भित्राइने छ । जसको लीग समपुरककोष मार्फत गाउपालिकाले लगानी गर्ने नीति लिएको छ । यसका अलवा ठूला सिँचाईका आयोजनाको लागि प्रदेश र केन्द्रसँग समन्वयमा बजेटको ब्यवस्थापन गरिने छ । साथै

साना सिँचाईको लागि आवश्यक बजेट गाँउपालिका र वडास्तरमानै विनियोजन हुने प्रवन्ध मिलाएको छ ।

२७. गाँउपालिकाको सुविधा सम्पन्न भवन निर्माणको लागि केन्द्र सँग समन्वय गरिएको छ । जिल्ला समन्वय समितिले उपलब्ध गराउने स्रोतको पनि भवन निर्माणको लागि परिचालन गरिने छ । स्वास्थ इकाईका भवन सम्पन्न गर्न आवश्यक बजेट क्रमागत रुपमा छुट्टाएको छु ।यस्तै विद्यालयका भवनको लागि पनि क्रमागत रुपमा योजनामा समावेश गर्ने व्यवस्था गरेको छु ।

२८. गाँउपालिकाभरका काठेपोल विस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु । वैकल्पिक उर्जा मार्फत सिँचाई र खानेपानीका योजना सञ्चालन हुने व्यवस्था गरेको छु ।

२९. स्मार्ट गाँउपालिका निर्माणको लागि डिजिटल सर्वे भैसकेको छ भने स्मार्ट सेवा प्रवाहर गुरुयोजना निर्माण यसै बर्ष गरिने छ ।

३०. केन्द्र र प्रदेशको प्रयाप्त लगानी प्रोत्साहित गर्न गाँउपालिका भित्रका ठुला योजनाको विस्तृत परियोजना प्रतिवेदन बनाउने कुरामा जोड दिएको छु । रुपा गाँउपालिका भित्र केबुलकार, बन्जि जम्प र जिप फायर जस्ता योजना निर्माणको सम्भाब्यता अध्ययनको लागि केन्द्र, प्रदेश र नीजि क्षेत्रको समन्वयमा काम गरिने छ । साथै ठुला योजना सञ्चालनको लागि समपुरक कोष मार्फत यथेष्ट बजेटको व्यवस्थापन गरेको छु ।

३१. गाँउपालिकाकै दिर्घकालिन गौरवको योजनाको रुपमा कोइलेनी हाइड्रो निर्माणको लागि अन्य स्थानीय तह सँग पनि समन्वयमा काम प्रारम्भ गरिने छ । जसको निर्माणको लागि प्रदेश केन्द्र सँग पनि समन्वय गरि लगानी आर्कषित गरिने छ ।

**वातावरण तथा विपद् ब्यवस्थापन**

३२ विकास निर्माणका काम गर्दा वातावरणमैत्री विकास गर्न जोड दिइने छ । जलवायु अनुकुलनका कार्यक्रम सञ्चालन गरिने छ ।

३३. वातावरण मैत्री स्थानीय शासनका मुलभूत मान्यतालाई आत्मसाथ गरिने छ । भु संरक्षण र जलाधार संरक्षणमा जोड दिइने छ ।

३४. बाढि पहिरो नियन्त्रणको लागि लागत सहभागितामा आधारित भई तारजालिको वितरण गरिनेछ ।

रुपा गाँउपालिका

३५. सामुदायिक वनको संस्थागत विकासमा आवश्यक काम गरिनेछ ।

**सुशासन ,संस्थागत विकास, सेवा प्रवाह र विविध**

३६.यस बर्ष एकल अधिकार सूचि अन्तरगतका अधिकार सूचिमा रहेका विभिन्न अधिकारको प्रयोगको लागि आवश्यक कानूनको निर्माणमा तिब्रता दिइने छ । अन्य कानूनको हकमा केन्द्र र प्रदेशले निर्माण गरे लगतै निर्माण गरिने छ ।

३७. विद्युतिय शासनको अवधारणलाई आत्मसाथ गर्दै गाँउपालिकाले गर्ने अधिकांश कार्यमा सफ्टवेयरको प्रयोगमा जोड दिइने छ ।

३८. गाँउपालिकाको नियमित सार्वजनिक सुनुवाई र सामाजिक लेखा परिक्षणका कार्यक्रम सञ्चालन गरिने छ ।

३९. गाँउपालिकाका रहेक गतिविधि पारदर्शि बनाइने छ । नियमितता, उत्तरदायीत्व,मितब्ययीतामा जोड दिइने छ ।

४० गाँउपालिकाको कर बढाउने भन्दा करको दायरा फराकिलो बनाइने नीति लिइएको छ । प्राकृतिक स्रोतको दिगो र अधिकतम् प्रयोगमा जोड दिइने छ ।

४१. रुपाताल, खोला नाला लगाएतका प्राकृतिक स्रोत समेत गाँउपालिकाको संञ्चित कोषमा ल्याउने प्रयत्न गरिने छ ।

४२. एकिकृत सम्पती कर लगाइने छ । घर निर्माण गर्दा अनिवार्य नक्सापासको ब्यवस्था गरिने छ ।

अन्त्यमा,

सबैको सल्लाह सुझाव र मार्ग निर्देशनलाई आत्मसाथ गर्दै सार्वजनिक नीति, कार्यक्रम तथा बजेटलाई कार्यन्वयनमा लगिने भएकाले सबै पक्षको साथ सहयोगको लागि अनुरोध सहित विदा हुन्छु । धन्यवाद ।

रुपा गाँउपालिका

रूपा गाउँपालिका